**सबैको लघुवित्त वित्तीय संस्था लि.**
**Sabaiko Laghubitta Bittiya Sanstha Ltd.**
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रियस्तर कार्यक्षेत्र भएको)

**केन्द्रीय कार्यालय :**
**बन्दीपुर-१, डुम्रे, तनहुँ,**
**फोन: ०६५-५८०४०७**
**इमेल:** info@sabaikolaghubitta.com

# चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७७/११/१७)**

श्री शेयरधनी महानुभावहरु,

मिति २०७७/११/१६ गते बसेको सञ्चालक समितिको ८२ औं बैठकको निर्णय बमोजिम यस वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय:**

**मिति :** २०७७ चैत्र १४ गते (२७ मार्च, २०२१) शनिबार
**स्थान :** मर्स्याङ्दी रिभर भ्यु रिसोर्ट, बन्दिपुर-५, तनहुँ
**समय :** बिहान ११:०० बजे

**छलफलका बिषयहरु:**

**(क) सामान्य प्रस्तावहरु:**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युले पेश गर्नुहुने आ.व.२०७६/७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात तथा आ.व. २०७६/७७ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वित्तीय संस्थाको २०७७ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु. १८,६४,५०,०००। (अठार करोड चौसठ्ठी लाख पचास हजार) को ०.५५ प्रतिशत ले हुन आउने रु. १०,३०,३८१।५८ नगद लाभांश (बोनस शेयरमा लाग्ने कर वापतको रकम) पारित गर्ने ।

**(ख) विशेष प्रस्तावहरु:**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वित्तीय संस्थाको २०७७ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु.१८,६४,५०,०००। (अठार करोड चौसठ्ठी लाख पचास हजार) को १०.५० प्रतिशतले हुन आउने रकम रु. १,९५,७७,२५०। (एक करोड पन्चानब्बे लाख सतहत्तर हजार दुई सय पचास) बराबरको बोनस शेयर वितरण गर्ने ।

२) यस संस्थाको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने र सोही बमोजिम प्रवन्धपत्रमा संशोधन गर्ने ।

३) यस संस्थाको केन्द्रीय कार्यालय स्थानान्तरण गर्न संचालक समितिलाइ अख्तियारी दिने ।

४) यस संस्थाले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त अन्य "घ" वर्गका कुनै एक वा एक भन्दा बढी वित्तीय संस्थाहरु एक आपसमा गाभ्न गाभिन (Merger) वा प्राप्ति (Acquisition) गर्ने वा शाखा खरिद गर्न समभ्रदारी पत्र (Memorendum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधार मा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ती तथा दायित्वको मूल्यांकन प्रतिवेदन (Due Dilligence Audit Report) तयार गर्न परामर्शदाता, मूल्यांकन कर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने गाभिने वा प्राप्ती सम्बन्धि प्रचलित कानून तथा निर्देशनहरु अनुरुप गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृती लिई कार्यान्वयन गर्ने तथा सो सम्बन्धमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरणहरु उपलब्ध गराउने लगायत आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने ।

५) यस संस्थाको प्रवन्धपत्रमा गरिएको प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै संशोधन वा परिमार्जन वा फेरवदल गर्न सुझाव वा निर्देशन आएमा सो अनुरुप गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने

**(ग) विविध:**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी थप जानकारी:

१. चौथो वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७७/११/२८ गते देखि २०७७/१२/१४ गते सम्म यस संस्थाको शेयर दाखिल खारेजको काम बन्द रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७७/११/२६ गतेसम्म कारोवार भई प्रचलित कानुन बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार एनआइबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतका आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु मात्र यस सभामा भाग लिन तथा बोनस शेयर पाउन योग्य हुनेछन् ।

२. साधारणसभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने हितग्राही खाता खोलिएको डिम्याट/शेयर प्रमाणपत्र वा नागरिकता वा अन्य कागजात अनिवार्य रुपमा साथमा लिई आइदिनुहुन अनुरोध छ । कुनै संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संस्थाले मनोनित गरेको आधिकारिक पत्र पेश गर्नुपर्नेछ ।

३. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका सभा हुने दिन बिहान ०९:०० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।

४. साधारण सभामा स्वयं उपस्थित भई भाग लिन नसक्ने र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले रीतपुर्वक प्रोक्सी फाराम भरी साधारण सभा हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै यस संस्थाको केन्द्रीय कार्यालय बन्दिपुर १, डुम्रे, तनहुँमा दर्ता गरिसक्नु पर्नेछ । प्रतिनिधि नियुक्त गरिने व्यक्ति यस संस्थाको शेयरधनी हुनु पर्नेछ ।

५. भर्चुअल माध्यम मार्फत् उपस्थित हुन चाहने शेयरधनी महानुभावहरुले agm.sabaiko@gmail.com मा इमेल गरी वा ९८५१२३४६६० वा ०६५-५८०४०७ मा सम्पर्क गरी DMAT Number सहित सभा हुनुभन्दा ४८ घण्टा अगावै आफ्नो नाम टिपाउनु पर्नेछ । भर्चुअल माध्यम मार्फत् सभामा उपस्थित हुन चाहने शेयरधनी महानुभावहरुलाई Link तथा Password उपलब्ध गराइ सभामा सहभागी हुने ब्यबस्था मिलाइनेछ । सभा सुरु हुनुभन्दा १ घण्टा अगाडि भर्चुअल माध्यम खुला गरिनेछ । उक्त १ घण्टाको समय भित्र सभामा सहभागी हुने शेयरधनीहरुले आफ्नो परिचय, डिम्याट खाता नम्बर र शेयर संख्या सहित उपस्थितीको जानकारी सभालाई दिनुपर्नेछ ।

६. नाबालक तथा बिक्षिप्त शेयरधनी महानुभावहरुको तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम उल्लेख भएका व्यक्तिले भाग लिन वा प्रतिनिधी नियुक्त गर्न पाउनेछन् ।

७. लेखापरीक्षकको प्रतिवेदन सहित संस्थाको चौथो वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुलाई यस संस्थाको केन्द्रीय कार्यालय, बन्दिपुर-१, डुम्रे, तनहुँबाट उपलब्ध गराइने छ । साथै यस संस्थाको वेवसाइट www.sabaikolaghubitta.com मा हेर्न सक्नुहुनेछ ।

८. अन्य थप जानकारीको लागि संस्थाको केन्द्रीय कार्यालय बन्दिपुर-१, डुम्रे, तनहुँमा सम्पर्क राख्नुहुन अनुरोध छ ।